मध्यनेपाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भोर्लेटार, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

# मध्यनेपाल नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
भोर्लेटार, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फोन नं. ०६६४१०२५२

प.सं. ०७६।७७
च.नं. १२१५

मिति: २०७७/०१/०१

श्री सबै वडा कार्यालयहरु,

मध्यनेपाल नगरपालिका, लमजुङ ।

विषय : निर्णय पठाईएको बारे ।

प्रस्तुत विषयमा मिति २०७६/१२/३० गते बसेको नगर कार्यपालिकाको बैठकबाट भएका निर्णयहरुको छाँयाकपी यसै पत्रासाथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ ।

२०७७/०१/०१

नर बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

नर बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

Email : madhyanepalmun@gmail.com

Website : www.madhyanepalmun.gov.np

मिति २०७६/१२/३० गतेको नगर
कार्यपालिकाको निर्णय

प्रस्तावहरु:

१ विपद् ब्यवस्थापन कोषमा रकम जम्मा गर्ने प्रयोजनको लागि रकम रकमान्तर गर्ने सम्बन्धमा ।
२ राहत वितरण सहयोगको अपिल गर्ने सम्बनधमा ।
३ राहत मापदण्ड स्वीकृत गर्ने सम्बन्धमा ।
४ छुट नामावलि संकलन सम्बन्धमा ।
५ समिति गठन सम्बन्धमा ।
६ रोयल्टि संकलकको तलब सुविधा सम्बन्धमा ।
७ दिर्घ रोगिले प्रयोग गर्ने अत्याबस्क औषधीको ब्यवस्थापन सम्बन्धमा ।
८ स्वयम सेवक परिचालन सम्बन्धमा ।

निर्णयहरु:

निर्णय नम्वर १

प्रस्ताव नम्वर १ माथि छलफल गर्दा “कोभिड१९ को कारण प्रभावित क्षेत्रहरुको लागि राहत सुविधा प्रदान गर्ने नेपाल सरकार, मन्त्रिपरिषदको निर्णय कार्यान्वियन कार्ययोजना, २०७६” को दाफा ४ मा “राहत उपलब्ध गराउन सबै स्थानिय तहको चालू आर्थिक वर्षको स्वीकृत बजेटबाट रकमान्तर गरी कोरोना रोकथाम, नियन्त्रण तथा उपचार कोष खडा गर्ने” भन्ने ब्यहोरा उलेख भाए अनुसार यस नगरपालिकाको चालू आर्थिक बर्षको स्वीकृत बजेट तथा कार्यक्रमको देहायका शीर्षकमा रहेको देहायअनुसारको रकम रकमान्तर गरी कोरोना रोकथाम, नियन्त्रण तथा उपचार कोषको लागि यस नगरपालिकाको नाममा कृषि विकाश बैंक भोर्लेटार शाखामा खोलिएको ग ७.२ प्रकोप ब्यबस्थापन कोष खाता नं ०३-१७९-०१२१०२६०-०८-३ मा जम्मा गरिउक्त रकमकोरोना रोकथाम, नियन्त्रण, उपचार तथा राहत वितरणमा खर्च गर्ने निर्णय गरियो ।

| सि नं | स्वीकृत शीर्षक | रकमान्तर गरिएको रकम र | रकमान्तर गरिएको शीर्षक |
|---|---|---|---|
| १ | नगर प्रमुख यूवा स्वरोजगार अनुदान कार्यक्रम | रु. ३०,००,०००।-(तीस लाख) | प्रकोप ब्यबस्थापन कोष |
| २ | नगर प्रमुख महिला स्वरोजगार अनुदान कार्यक्रम | रु. ३०,००,०००।-(तीस लाख) | प्रकोप ब्यबस्थापन कोष |
| ३ | नगर प्रमुख विपद् ब्यवस्थापन कार्यक्रम | रु. ८,००,०००।- (आठ लाख) | प्रकोप ब्यबस्थापन कोष |
| | जम्मा- | ६८,००,०००।-(अठसठ्ठी लाख) | |

निर्णय नम्वर २

प्रस्ताव नम्वर २ माथि छलफल गर्दाराहत वितरणको लागि नगद सहयोग गर्न चाहने ब्यक्ति तथा संस्थालाई नगरपालिकाको नाममा कृषि विकास बैंक भोर्लेटार शाखामा खोलिएको खाता नं ०३-१७९-०१२१०२६०-०८-३ मा नगदै रकम जम्मा गरि नगरपालिकाको लेखा शाखामा बैक भौचर बुझाएर सहयोग गर्न सकिने र राहत सामाग्री सहयोग गर्न चाहने ब्यक्ति

मध्यनेपाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भोर्लेटार, लमजुङ
गण्डकी प्रदेश, नेपाल

...र बहादुर ...
...प्रशासकीय अधिकृत

तथा संस्थालाई त्यस्तो राहत सामाग्री नगरपालिकाको जिन्सि शाखामा बुझाई सहयोग गर्न सकिने ब्यहोराको सूचना प्रकाशन गरि राहत वितरणमा सहयोगको लागि अपिल गर्ने निर्णय गरियो ।

निर्णय नम्वर ३

प्रस्ताव नम्वर ३ माथि छलफल गर्दा लकडाउनको अबधिमा श्रमिक तथा असहायहरुलाई राहत वितरण गर्ने प्रयोजनको लागि तयार पारीएको "असंगठित क्षेत्रमा कार्यरत श्रमिक बर्ग तथा असहायहरुलाई उपलब्ध गराईने राहत सम्बन्धी मापदण्ड, २०७६" लाई पारित गर्ने निर्णय गरियो ।

निर्णय नम्वर ४

प्रस्ताव नम्वर ४ माथि छलफल गर्दा राहत वितरणको लागि लगत संकलन गर्दा कुनै कारणले वास्तविक श्रमिक र असहाय ब्यक्तिहरुको नाम कुनै वडामा छुट हुनगएको भएमानगर कार्यपालिकाले पारित गरेको "असंगठित क्षेत्रमा कार्यरत श्रमिक बर्ग तथा असहायहरुलाई उपलब्ध गराउने राहत सम्बन्धी मापदण्ड, २०७६"मा उल्लेखित विधि अनुसार उनिहरुको लगत संकलन गरि नगर प्रमुखबाट प्रमाणित गराएरआजको मितिले तीन दिन भित्र नगरपालिकामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नम्वर ५

प्रस्ताब नम्बर ५ माथिछलफल गर्दा देहायअनुसारका समिति गठन गर्ने निर्णय गरियो ।

१ नगर समन्वय समिति

स्वास्थ्यकर्मि र महिला स्वास्थ्य स्वयम् सेविकाहरुलाई परिचालन गरि कोरोना रोगको मुख्य लक्षणहरु र बच्ने उपाय बारे आम नागरिकलाई सुसूचित गराउने, रोगको लक्षण देखिएका ब्यक्तिहरुको निगरानी गर्ने र तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क राख्न लगाउने प्रयोजनको लागि सबै वडामा वडा अध्यक्षको संयोजकत्वमा वडास्तरिय समन्वय समिति गठन भैसकेकाले यी समितिहरुलाई परिचालन गराउने र आवश्यकनिर्देशन दिने प्रयोजनको लागि देहायअनुसारको नगर समन्वय समिति गठन गर्ने ।

| | | |
|---|---|---|
| १. | नगर प्रमुख | संयोजक |
| २. | नगर उपप्रमुख | सहसंयोजक |
| ३. | सबै वडा अध्यक्षहरु | सदस्य |
| ४. | कार्यपालिका सदस्यहरु | सदस्य |
| ५. | सबै स्वास्थ्य संस्थाका प्रमुख | सदस्य |
| ६. | समाजसेवीहरु मध्येबाट नगर कार्यपालिकाबाट मनोनित बढीमा पाँचजना | सदस्य |
| ७. | रेडक्रसको प्रतिनिधि | सदस्य |
| ८. | नगरपालिकाका स्वास्थ्य संयोजक | सदस्य –सचिव |

२ आपूर्ति अनुगमन समित

नगरपालिमा भित्र दैनिक अत्याबसेक उपभोग्य बस्तुहरुको आपूर्तिको अबस्थाको अनुगमन गरि आबश्यक ब्यबस्था मिलाउन रराहत वितरणको अनुगमन समेत गर्ने देहाय अनुसारको अनुगमन समिति गठन गर्ने ।

१ नगर प्रमुख संयोजक

मध्यनेपाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय भोर्लेटार, लमजुङ

... बहादुर खड्का ... प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| २ | नगर उपप्रमुख | सदस्य |
| ३ | यस नगरपालिका भित्र स्थायी बसोबास भएका जि स स सदस्यहरु | सदस्य |
| ४ | सम्बन्धित वडाका वडाध्यक्ष | सदस्य |
| ५ | उद्योग बाणिज्य संघका नगर अध्यक्ष | सदस्य |
| ६ | इलाका प्रहरी कार्यालय प्रमुख | सदस्य |
| ७ | स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| ८ | मेडिया प्रतिनिधि संतोष पौडेल | सदस्य |
| ९ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

ख) राहत वितरण अनुगमन समिति

नगपालिकाका वडा कार्यालय मार्फत वितरण गरिते राहतको अनुगमन गर्ने देहाय अनुसारको अनुगमन समिति गठन गर्ने ।

| | | |
|---|---|---|
| १ | नगर प्रमुख | संयोजक |
| २ | नगर उप प्रमुख | सदस्य |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४ | इलाका प्रहरी कार्यालय प्रमुख | सदस्य |
| ५ | सम्बन्धित वडाका वडाध्यक्ष | सदस्य |

निर्णय नम्वर ६

प्रस्ताव नम्बर ६ माथिछलफल गर्दा नदीजन्य पदार्थको रोयल्टि संकलनकोलागिमिति २०७६।१०।२१ गते बसेको कार्यपालिकाको बैठको निर्णय नम्बर ५ अनुसार नियूक्त गरिएका विनोद गुरुङलाई उक्त निर्यय अनुसार उपलब्ध गराउनुपर्ने सेवा सुविधा चालु आर्थिक बर्षको स्वीकृत बार्षिक बजेटमा रहेकोनगर प्रमुखआकस्मिक कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नम्वर ७

प्रस्ताब नम्बर ७ माथि छलफल गर्दा दिर्घ रोघी तथा नियमित रुपमा औषधी सेवन गरिरहने नगरबासीहरुलाई त्यस्तो औपधीको अभाव भएमा निजहरुको माग संकलन गरि आवश्यक औपधी ब्यबस्थापनको लागि सहजिकरण गर्नको लागि स्वास्थ्य शाखाका जनस्वास्थ्य निरिक्षक सूर्य प्रसाद पौडेललाई तोक्ने निर्णय गरियो ।

निर्णय नम्वर ८

प्रस्ताब नम्बर ८ माथिछलफल गर्दा लकडाउनको समय विस्तार भई नगरपालिका क्षेत्रभित्र प्रबेश गर्ने नाकामा कडाँई गर्ने कार्यमा स्थानिय प्रहरीलाई सहयोग गर्न स्वयंसेवक परिचालन गर्नुपर्ने अबस्यकता भएमा सोअनुसार परिचालन गरि निजहरुको आवश्यक ब्यबस्थापन गर्ने निर्णय गरियो ।

मध्यनेपाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भोर्लेटार, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

नर बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत